जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६१ | २०८३ साल बैशाख २३ गते बुधवार | Wednesday-06-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## लागूऔषध गाँजासहित एक जना पक्राउ, अनुसन्धान जारी

*शु.आ. सम्बाददाता*
*बारा, २२ बैशाख*

जिल्ला प्रहरी कार्यालय बाराले लागूऔषध गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको जनाएको छ । विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले सिम्रौनगढ नगरपालिका क्षेत्रमा सञ्चालन गरेको खोजतलासका क्रममा उक्त सफलता हात पारेको हो । प्रहरीका अनुसार सोमबार राति करिब ९:०० बजेको समयमा सिम्रौनगढ नगरपालिका-६ गोलागंज क्षेत्रमा लागूऔषध गाँजा लुकाई राखिएको भन्ने गोप्य सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट प्रहरी नायब निरीक्षक नेतृत्वको टोली खटिएको थियो । टोलीले शंकास्पद स्थानमा खोजतलास गर्दा करिब ७ (सात) केजी लागूऔषध गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको हो ।




पक्राउ पर्नेमा सिम्रौनगढ नगरपालिका-६ गोलागंज बस्ने करिब ३० वर्षीय विश्वनाथ मलिक डोम रहेको निमित्त प्रहरी प्रवक्ता एवम् प्रहरी निरीक्षक सुरेश राज भट्टले जानकारी दिएका छन् ।

प्रहरी निरीक्षक भट्टको अनुसार डोमलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धानका लागि जिल्ला अदालत बाराबाट म्याद थप गरी थप अनुसन्धान प्रक्रिया अघि बढाइएको छ ।

प्रहरीले लागूऔषध नियन्त्रणलाई प्राथमिकतामा राख्दै यस्ता गतिविधिविरुद्ध कडाइका साथ कारवाही अगाडि बढाइने जनाएको छ । साथै, लागूऔषध सम्बन्धी कुनै पनि सूचना भएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन सर्वसाधारणसँग अनुरोध गरिएको छ ।

## कलैया उपमहानगरपालिकाद्वारा सार्वजनिक जग्गा अतिक्रमण हटाउन ३५ दिने अल्टिमेटम

*शु.आ. सम्बाददाता*
*बारा, २२ असोज*

कलैया उपमहानगरपालिका ले आफ्नो क्षेत्रभित्रका सार्वजनिक तथा सरकारी जग्गा संरक्षण र व्यवस्थापनका लागि कडा कदम चाल्दै अतिक्रमण हटाउन ३५ दिने अल्टिमेटम जारी गरेको छ । नगर कार्यपालिकाको कार्यालयद्वारा जारी सूचनाअनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) मार्फत प्राप्त निर्देशन तथा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार उपमहानगर क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण आवश्यक देखिएकाले यो कदम चालिएको हो ।




सूचनामा सडक, खोला, नाला, ऐलानी, पर्ति, पार्क, विद्यालय, सार्वजनिक पोखरी, मन्दिर, मस्जिद, मदरसा, इदगाह, बजार क्षेत्र तथा अन्य खुला स्थानहरूमा गरिएको अतिक्रमण तत्काल हटाउन भनिएको छ । यस्ता स्थानमा बनाइएका टहरा, घर, घेरा वा अन्य संरचना हटाई जग्गा खाली गर्न सम्बन्धित व्यक्ति तथा सरोकारवालालाई ३५ दिनभित्र स्वेच्छाले अतिक्रमण हटाउन निर्देशन दिइएको छ । उक्त अवधिभित्र अतिक्रमण नहटाएमा प्रचलित कानुनअनुसार नगरपालिकाले स्वयं डोजर प्रयोग गरी संरचना हटाउने तथा आवश्यक कानुनी कारबाही अघि बढाइने चेतावनी पनि सूचनामा दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत रामबिनय कुमार सिंहले सार्वजनिक सम्पत्तिको संरक्षण सबै नागरिकको साझा दायित्व भएकाले अतिक्रमण नगर्न र जोखिमपूर्ण स्थानमा बसोबास नगर्न समेत सर्वसाधारणलाई आग्रह गरेका छन् । स्थानीय तहले पछिल्लो समय सार्वजनिक जग्गा संरक्षणलाई प्राथमिकतामा राख्दै देशभर यस्ता अभियान तीव्र बनाइरहेका बेला कलैयाको यो कदमलाई पनि सोही अभियानको निरन्तरताका रूपमा हेरिएको छ ।

## नक्कली विज्ञापन प्रकाशन देखाएर सरकारी रकम हिनामिनाः तीन जना दोषी ठहर, एक जनाले पाए सफाइ

*शु.आ. सम्बाददाता*
*बारा, २२ बैशाख*

सरकारी विज्ञापन नै नछापी पत्रिकामा प्रकाशित भएको देखाएर भुक्तानी लिएको प्रकरणमा विशेष अदालत ले तीन जनालाई दोषी ठहर गरेको छ । अदालतले मंगलबार सुनाएको फैसलामा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बाराका तत्कालीन प्रमुख किशोरी प्रसाद यादव, सान्दर्भिक मिडिया नेटवर्कका प्रबन्धक निसान्त सिग्देल र प्रभाव दैनिकका बजार प्रबन्धक सन्तोष राज खरेललाई जनही ३ महिना कैद तथा ७९ हजार १४२ रुपैयाँ ५० पैसा जरिवाना हुने निर्णय गरेको हो ।




अदालतका अध्यक्ष हेमन्त रावल तथा सदस्यहरू डिल्लीरत्न श्रेष्ठ र उमेश कोइराला को संयुक्त इजलासले उक्त फैसला सुनाएको हो । अदालतले बिगो बराबरको बाँकी रकम राजस्वमा दाखिला गर्न तथा अपराध पीडित संरक्षण ऐनअनुसार थप क्षतिपूर्ति शुल्कसमेत कोषमा जम्मा गर्न आदेश दिएको छ ।

यसै मुद्दामा प्रतिवादी बनाइएका प्रदीप दासलाई भने अदालतले सफाइ दिएको छ । कार्यालय प्रमुखको निर्देशनअनुसार काम गरेको र अन्य प्रतिवादीसँगको मिलेमतो पुष्टि हुन नसकेको आधारमा उनलाई निर्दोष ठहर गरिएको अदालतले जनाएको छ ।

अनुसन्धानका अनुसार खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बाराका तत्कालीन प्रमुख यादवले २०७९ फागुन १८ गते बोलपत्र आह्वानको सूचना प्रकाशनका लागि सान्दर्भिक मिडिया नेटवर्कलाई पत्राचार गरेका थिए । तर उक्त सूचना वास्तविक रूपमा पत्रिकामा प्रकाशित नगरी 'प्रभाव दैनिक' मा छापिएको भनी झुठो विवरण तयार पारिएको थियो । २०७९ फागुन २१ गतेको अंकमा सूचना प्रकाशित भएको देखाउँदै ३ लाख १६ हजार ५७० रुपैयाँ भुक्तानी लिइएको खुलेपछि मुद्दा दायर गरिएको थियो । अनुसन्धानले सरकारी रकम हिनामिना गर्ने नियतले मिलेमतोमा नक्कली कागजात तयार गरिएको पुष्टि भएपछि अदालतले दोषी ठहर गर्दै सजाय सुनाएको हो ।

यो फैसलालाई सार्वजनिक खरिद प्रक्रिया र सरकारी विज्ञापन व्यवस्थापनमा पारदर्शिता कायम गर्ने दिशामा महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

## भारतको पश्चिम बंगालमा भाजपाको उदयः रौतहटको गौरमा खुसीयाली र मिठाई वितरण

*शु.आ. सम्बाददाता*
*रौतहट, २२ बैशाख*

भारतको पश्चिम बंगाल राज्यको विधानसभा निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) ले ऐतिहासिक जित हासिल गरेसँगै छिमेकी मुलुक नेपालको सीमावर्ती क्षेत्र रौतहटमा पनि यसको व्यापक चर्चा र खुसीयाली छाएको छ । विगत १५ वर्षदेखि एकछत्र राज गर्दै आएकी तृणमूल कांग्रेसकी नेत्री ममता बनर्जीको शासन सत्ता ढलेको र भाजपाको उदय भएको भन्दै रौतहटका हिन्दुवादी नेताहरूले उत्सव मनाएका हुन् ।



यसै क्रममा हिन्दु सम्राट सेना रौतहटका अध्यक्ष मनोज यादवको नेतृत्वमा मंगलबार बिहान गौर नगरपालिकामा भव्य खुसीयाली साटासाट गरिएको छ । गौर नगरपालिका वडा नं. ४ स्थित बसपार्क क्षेत्रमा भेला भएका हिन्दु सम्राट सेनाका कार्यकर्ता तथा स्थानीय बासिन्दाहरूले एक-अर्कालाई मिठाई खुवाएर जितको शुभकामना साटासाट गरेका थिए ।

पश्चिम बंगालमा सन् २०११ देखि शासन गर्दै आएकी ममता बनर्जीको पराजयलाई भारतीय राजनीतिमा मात्र नभई दक्षिण एसियाकै राजनीतिक वृत्तमा ठूलो परिवर्तनका रूपमा हेरिएको छ । निर्वाचन परिणामले भाजपालाई स्पष्ट बहुमत दिलाएसँगै बंगालमा पहिलो पटक भाजपाको सरकार बन्ने निश्चित भएको छ ।

खुसीयाली कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष मनोज यादवले बंगालको यो परिवर्तनले सनातन धर्म र संस्कृतिको रक्षाका लागि नयाँ मार्ग प्रशस्त गर्ने विश्वास व्यक्त गर्नुभयो । उनले भन्नेः बंगालमा लामो समयदेखि जारी राजनीतिक दमन र अराजकताको अन्त्य भएको छ । भाजपाको यो जितले हिन्दु सभ्यताको पुनरुत्थान र विकासको नयाँ युग सुरु गर्नेछ ।

मिठाई वितरण कार्यक्रममा सहभागीहरूले यो जितलाई केवल राजनीतिक जित मात्र नभई असत्यमाथि सत्यको विजयको रूपमा व्याख्या गरेका थिए । गौर बसपार्कमा जम्मा भएका सर्वसाधारणहरूले उत्सव मनाइरहँदा अध्यक्ष यादवले सीमावर्ती क्षेत्रमा शान्ति र सद्भाव कायम राख्न सबैलाई आग्रह गरे ।

भारतमा हुने राजनीतिक उतारचढावको प्रत्यक्ष प्रभाव नेपालका सीमावर्ती जिल्लाहरूमा पर्ने भएकाले बंगालमा आएको यो राजनीतिक परिवर्तनले आगामी दिनमा नेपाल-भारत सम्बन्ध र सीमा सुरक्षाका सवालमा पनि सकारात्मक प्रभाव पार्ने स्थानीयहरूको अपेक्षा छ ।

कार्यक्रममा हिन्दु सम्राट सेनाका विभिन्न तहका पदाधिकारी, समर्थक र स्थानीय व्यापारीहरूको उपस्थिति रहेको थियो । सहभागीहरूले जय श्री राम र भारत माता की जय जस्ता नाराहरू लगाउँदै केही बेर गौर बजार परिक्रमा समेत गरेका थिए ।

करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

करैयामाई गाउँपालिकाको कार्यालय, करैया, बारा

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# सीमामा कडाइको दाबी, तर तस्करी उस्तै

नेपाल-भारत सीमामा कडाइ गरिएको सरकारी दाबीबीच बारा क्षेत्रबाट भारततर्फ हुने मदिरा तस्करी फेरि एकपटक उजागर भएको छ । पछिल्लो घटनामा भारतीय सुरक्षाकर्मीले दुई फरक अपरेसनमार्फत चार जनालाई पक्राउ गर्दै उल्लेख्य परिमाणमा मदिरा बरामद गरेका छन् । यो घटना कुनै एकदिनको अपवाद मात्र होइन, सीमाक्षेत्रमा जरा गाडेर बसेको समस्याको झल्को हो ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी) र बिहार प्रहरीको संयुक्त सक्रियताले तस्करी नियन्त्रणमा त्यहाँको तत्परता देखाउँछ । इस्लामपुर नजिक र अथमोहन क्षेत्रमा गरिएको कारबाहीले तस्करी ब्यवस्थित र निरन्तर रुपमा भइरहेको संकेत गर्छ । पहिलो घटनामा भारतीय नागरिकहरु पक्राउ परे भने दोस्रो घटनामा बाराका एक ब्यक्ति पनि संलग्न भेटिनु सीमापार सञ्जालको स्पष्ट प्रमाण हो ।

तर यस्ता घटनाले अर्को गम्भीर प्रश्न उठाउँछन्– नेपालतर्फको निगरानी कत्तिको प्रभावकारी छ? सीमामा कडाइ बढाइएको दाबी गरिए पनि पटक-पटक यस्तै गतिविधि बाहिरिनुले नियन्त्रण संयन्त्र कमजोर रहेको देखाउँछ । जब बरामद र पक्राउका खबरहरु भारततर्फबाट मात्रै सार्वजनिक हुन्छन्, तब नेपालका सम्बन्धित निकायको भूमिकामाथि स्वाभाविक रुपमा प्रश्न उठ्छ ।

तस्करीको यस्तो गतिविधिले केवल राजस्वमा नोक्सानी पुर्‍याउने होइन, कानुनी शासनलाई नै कमजोर बनाउने काम गर्छ । अझ चिन्ताजनक पक्ष के छ भने, प्रायः साना स्तरका ब्यक्तिहरु मात्रै कारबाहीमा पर्ने र वास्तविक सञ्जाल सञ्चालकहरु जोगिने प्रवृत्ति देखिँदै आएको छ ।

स्थानीय स्तरमा लामो समयदेखि उठ्दै आएको गुनासो पनि यही हो–कानूनको प्रयोग समान रुपमा भइरहेको छैन । प्रभाव र पहुँचका आधारमा फरक ब्यवहार भएको अनुभूति बढ्दै जाँदा राज्यप्रति नागरिकको विश्वास कमजोर बन्ने खतरा रहन्छ ।

अन्ततः, यो घटना चार जनाको पक्राउमा सीमित छैन । यो सीमामा रहेको सुरक्षा, समन्वय र इच्छाशक्तिको परीक्षण हो । यदि समस्या जडबाट समाधान गर्ने स्पष्ट रणनीति नबनाइने हो भने, 'कडाइ' का दाबीहरु केवल औपचारिकता मात्र बन्नेछन् र तस्करीको चक्र यथावत् चलिरहनेछ ।

# नेपाली कम्युनिस्ट आन्दोलनको गवेषण



आनन्द पोखरेल

नताको विश्वास पुनः प्राप्त गर्ने एकमात्र उपाय भनेको स्पष्ट विचार, जिम्मेवार व्यवहार र परिणाममुखी शासन हो । नेपालको कम्युनिस्ट आन्दोलनले विगत सात दशकमा उल्लेखनीय उतारचढावको अनुभव गरेको छ । जनआन्दोलन, सशस्त्र संघर्ष, शान्ति प्रक्रिया, संविधान निर्माण र संसदीय प्रतिस्पर्धा हुँदै आजको अवस्थामा आइपुग्दा यस आन्दोलनले एकातिर ऐतिहासिक उपलब्धिहरू हासिल गरेको छ भने अर्कोतिर गम्भीर अन्तर्विरोध, विखण्डन र जनविश्वासको ह्रास पनि बेहोरेको छ ।

पछिल्लो समयमा देखिएको 'दुरावस्था'लाई बुझ्न घटनाहरूको शृंखला मात्र पढ्नु पर्याप्त हुँदैन । त्यसका पछाडि रहेका सैद्धान्तिक विचलन, संगठनात्मक कमजोरी र व्यवहारिक राजनीतिका प्रवृत्तिहरूलाई समेत विश्लेषण गर्नुपर्छ । यो लेखमा नेपालको कम्युनिस्ट आन्दोलनको मूल प्रवृत्ति नेकपा एमाले र नेकपा माओवादी केन्द्र सम्मिलित २०७४ को गठबन्धन, पार्टी एकतापछि उत्पन्न अन्तरविरोध पार्टी विभाजन, संसद् विघटन र २०८२ को निर्वाचनपछिको स्थितिसम्मको विश्लेषण छ ।

१. जनादेश र अपेक्षाको द्वन्द्व : २०७४ को वाम गठबन्धनमार्फत प्राप्त दुईतिहाइ नजिकको जनादेश नेपाली कम्युनिस्ट आन्दोलनका लागि ऐतिहासिक अवसर थियो । यसले स्थिर सरकार, नीतिगत निरन्तरता र समाजवाद उन्मुख रूपान्तरणको सम्भावना खोलिदिएको थियो ।

जनताको अपेक्षा र विश्वास ह्वातै बढेको थियो । सैद्धान्तिक रूपमा हेर्दा जनादेश आफैंमा परिवर्तनको बाटो होइन रहेछ । त्यो केवल सम्भावना हो र जनविश्वास हो । त्यसलाई टिकाउनु र राष्ट्र जनताको पक्षमा काम गर्नु महत्त्वपूर्ण थियो । त्यो विश्वासलाई लत्याउँदै जब राजनीतिक नेतृत्वले 'ऐतिहासिक अवसर'लाई 'स्वतः सिद्ध अधिकार'को रूपमा बुझ्न थाले । एकपटकको जनादेश सधैंका लागि र मेरा लागि भन्ने ग्रन्थीबाट चल्न थाल्यो । त्यहाँबाट समस्याको सुरुवात हुन्छ । यही विन्दुमा जनताको अपेक्षा र नेतृत्वको व्यवहारबीच अन्तर बढ्न थाल्यो । समस्या त्यहीँबाट सुरुवात भएको थियो ।

२. एकताको रूप र सारबीचको अन्तर : २०७५ जेठ ३ को नेकपा एकतालाई औपचारिक रूपमा ऐतिहासिक एकता भनिए पनि यसको वैचारिक र सांगठानिक आधार कमजोर थियो । मार्क्सवादी परम्परामा एकता केवल संगठनात्मक संरचना होइन, विचार, कार्यक्रम र कार्यदिशाको एकरूपता हो । तर, यहाँ एकता मुख्यतः नेतृत्वबीचको शक्ति सन्तुलन र सत्ताको बाँडफाँटमा केन्द्रित भयो ।

परिणामतः 'रूप'मा एकता देखियो तर 'सार'मा विभाजन कायम रह्यो । यही अन्तर्विरोधले पछि तीव्र किचलो, गुटबन्दी र अन्ततः अदलतको फैसलाको जगमा पार्टी पुनः विभाजनलाई जन्म दियो । पुनः कम्युनिस्ट आन्दोलनका पक्षपाति जनसमुदाय निराश भए । बिस्तारै जनमत कम्युनिस्ट आन्दोलनको विपक्षमा गयो । आन्दोलनको क्षयिकरणको विन्दु यही शृंखलाबाट सुरु भयो ।

३. सत्ताकेन्द्रीकरण वर्गीय एजेन्डाको क्षय : कम्युनिस्ट आन्दोलनको मूल आधार वर्गीय राजनीति हो । श्रमजीवी वर्गको पक्षमा नीतिगत हस्तक्षेप भएन । पछिल्लो अवधिमा आन्दोलन क्रमशः सत्ताकेन्द्रित हुँदै गयो । दलाल, नोकरशाही र बिचौलियामा समर्पित भयो । नेतृत्वको राज्यसत्तामा पहुँचलाई नै राजनीतिक र पार्टीगत उपलब्धि मान्ने प्रवृत्तिले वर्गीय एजेन्डा ओझेलमा पर्‍यो । कम्युनिस्ट पार्टीका मूल एजेन्डा भूमि सुधार, उत्पादन वृद्धि, श्रम अधिकार, सार्वजनिक सेवा, भ्रष्टचार अन्त्य, सुशासन र सामजिक न्यायजस्ता एजेन्डा नारामा सीमित भए । जब सिद्धान्त र व्यवहारबीच खाडल हुन्छ तब आन्दोलनको वैधता कमजोर हुन्छ । जनताहरू आधारभूत रूपमा पार्टीसँग टाढिन्छन् । हामीले अहिले त्यही नतिजा भोग्दैछौं ।

वस्तुनिष्ठ रूपमा हेर्दा नेपाली कम्युनिस्ट पार्टीका लागि मुख्य समस्या सत्ताकेन्द्रितता, वैचारिक अस्पष्टता र संगठनात्मक कमजोरी हो।

४. आन्तरिक लोकतन्त्रको अभाव : कम्युनिस्ट पार्टीहरूमा 'जनवादी केन्द्रीयता' सिद्धान्तको अभ्यास हुन्छ । जसमा खुला बहसपछि एकीकृत निर्णय लागू गरिन्छ । तर, व्यवहारमा बहस सीमित र निर्णय केन्द्रीकृत हुँदा गयो, पार्टीभित्र यो सिद्धान्त दस्ताबेजमा सीमित भयो । नेतृत्व केन्द्रित निर्णय, गुटीय धुवीकरण र असहमतिप्रति असहिष्णुता बढ्दा संगठनभित्रै अविश्वास पैदा हुन्छ । यही कारणले एकतापछि बनेको संरचना टिकाउ हुन सकेन ।

५. संवैधानिक अभ्यासमा संकट : प्रतिनिधिसभा विघटन २०७७-२०७८ का घटनाहरूले कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिक प्रतिबद्धतामाथि प्रश्न उठायो । संसद् विघटन जस्तो कदमले राजनीतिक संकट समाधान गर्नुको सट्टा झन् गहिरो बनायो । सैद्धान्तिक रूपमा, कम्युनिस्ट आन्दोलनले जनताबाट प्राप्त म्यान्डेटलाई संस्थागत प्रक्रियामार्फत प्रयोग गर्नुपर्छ । तर, जब शक्ति संघर्षले संवैधानिक प्रक्रियालाई ओझेलमा पार्छ, त्यसले जनविश्वासमा प्रत्यक्ष आघात पुर्‍याउँछ । कम्युनिस्ट पार्टीहरू बिशेषत एमालेका यी व्यवहारप्रति पार्टी र नेतृत्वप्रति प्रहार भयो । यो प्रहारलाई नेतृत्वले बेवास्ता गर्‍यो । स्वयं वामपन्थीहरूले यो प्रहार एमालेविरुद्ध हो भनेर बल लगाएर एमालेबिरुद्ध नै जाइलाग्यो । परिणाम सबै वामपन्थी अहिले कर्नरमा परेका छन् । मुलुकले एकपछि अर्को संवैधानिक संकट बेहोर्नुपरेको छ । असंवैधानिक यात्रासँगै पुनः संविधान लिकमा छ । वर्तमान सरकारको संविधानप्रतिक विश्वासमा राजनीतिक दलले शंकाको दृष्टिले हेरेका छन् । तथापि निर्वाचित सरकार छ ।

६. गठबन्धन राजनीति र वैचारिक अस्पष्टता : नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बीचको सहकार्य वा प्रतिस्पर्धा, दुवै अवस्थामा स्पष्ट वैचारिक र नीतिगत ध्रुवीकरण छ । संसदीय अभ्यासमा सत्ता पक्ष र विपक्षबीच सीमा र परिभाषा छन् । त्यो सीमा बाहिर गएर गठबन्धन भयो । संसदीय व्यवस्थामा गठबन्धन अस्वाभाविक होइन । जब गठबन्धन सत्ता स्वार्थ र सत्ताका लागि हुन्छ र साझा कार्यक्रम अस्पष्ट हुन्छ । त्यसले मतदातामा भ्रम पैदा गर्छ । कम्युनिस्ट आन्दोलनको पहिचान नै अस्पष्ट बन्ने खतरा यहीँबाट सुरु हुन्छ । ठूला दलबीच भएको गठबन्धनले जन्माएको अपेक्ष १५ महिनामै धुलिसाथ भयो । भाद्र २३/२४ को विध्वंसमा परिणत भयो । संविधान अपहरण भयो ।

७. जनविश्वासको क्षय र वैकल्पिक खोज : राजनीतिक दलहरूको मूल्यांकन अन्ततः जनताले गर्ने हो । जब जनताले निरन्तर अस्थिरता, आन्तरिक विवाद र कमजोर शासन देख्छन्, उनीहरूमा पराम्परागत दलप्रति निराश पैदा हुन्छ । जनताले वैकल्पिक शक्ति खोज्न थाल्छन् । पछिल्लो समय देखिएको असन्तोष, वितृष्णा र नयाँ शक्तिप्रति आकर्षण यही प्रक्रियाको परिणाम हो । यो केवल भावनात्मक प्रतिक्रिया होइन; यो राजनीतिक प्रणालीप्रतिको आलोचनात्मक प्रतिक्रिया हो । अब सरकार शासन व्यवस्था कसरी अघि जान्छ ? त्यसैमा जनताको प्रतिक्रिया जाँचिनुपर्छ । यस्तो भाष्य तयार हुँदैछ । अहिले दलहरूले जनताको मुद्दा उठाउँदा वा खबरदारी गरिँदा पूर्वाग्रह हो भनिन्छ । यस्तो भाष्य संविधान र लोकतन्त्रका लागि सुखद नहुन सक्छ । जनतामा अर्को विद्रोह नहोस् भनी कामना गरिनुपर्छ ।

कम्युनिस्ट आन्दोलनको भविष्य यसले आफ्ना सिद्धान्त र व्यवहारबीचको दूरी कति घटाउन सक्छ भन्नेमा निर्भर हुनेछ ।

८. निर्वाचन परिणाम र संगठनात्मक यथार्थ : २०८२ को निर्वाचनमा कम्युनिस्ट पार्टीप्रति देखिएको कमजोर प्रदर्शन (जस्तो पराजय वा अपेक्षाभन्दा कम सफलता)लाई केवल चुनावी रणनीतिमा सीमित गरेर बुझ्न सकिँदैन । यसको जड संगठनात्मक विखण्डन, वैचारिक अस्पष्टता र जनआधारको क्षयमा खेजिनुपर्छ । आफ्नो आत्मागत स्थितिको मूल्यांकन गरेर अहिलेको निर्वाचन समीक्षा हुँदैन । चुनाव परिणाममात्र लक्षण हो । तर, पार्टीभित्रको रोग गहिरो छ । रोग निको पार्न सामान्य मेडिसिनले पुग्दैन, गम्भीर सल्यक्रिया आवश्यक छ ।

९. सैद्धान्तिक विचलनको प्रश्न : मार्क्सवाद-लेनिनवाद वा अन्य वामपन्थी धाराहरूको मूल उद्देश्य राष्ट्रिय हित, सामाजिक-आर्थिक समानता र शोषणमुक्त समाज समृद्धि निर्माण हो । जब आन्दोलन स्वयंभित्र शक्ति, पद र स्वार्थको द्वन्द्व हावी हुन्छ । त्यसले सैद्धान्तिक विचलनको संकेत गर्छ । विचारधारा केवल घोषणापत्रमा सीमित हुँदा व्यवहारमा त्यसको प्रभाव हराउँछ । आज कम्युनिस्टहरूले सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न चुकेका छन् । कम्युनिस्ट पार्टीप्रतिको जनताको अपेक्षा र विश्वास कमजोर भएको छ । आन्दोलनप्रति भरोसा हुँदाहुँदै मत परिवर्तन गरेर कम्युनिस्ट पारिटीलाई सबक सिकाएका छन् । सच्चिन अनुरोध गरेका छन् । खुलमखुला भन्दैछन्, नीति, नेतृत्व र संगठनमा पुनर्गठन गर तर ढिला नगर ।

१०. पुनरुत्थानको सैद्धान्तिक आधार : वर्तमान अवस्थाबाट बाहिर निस्कन कम्युनिस्ट आन्दोलनले केही आधारभूत प्रश्नहरूको सामना गर्नुपर्छ- के आन्दोलन अझै वर्गीय राजनीतिमा केन्द्रित छ ? कि केवल सत्तामा सीमित छ ? के संगठनभित्र वास्तविक लोकतन्त्र छ ? के नेतृत्व परिवर्तन र पुस्तान्तरण सम्भव छ ? के जनजीविकाका मुद्दामा ठोस कार्यक्रम छ ? पुनरुत्थानका लागि आवश्यक छ- सैद्धान्तिक स्पष्टता, संगठनात्मक अनुशासन, आन्तरिक लोकतन्त्र र जनतासँग प्रत्यक्ष सम्बन्ध । यसले मात्र आन्दोलनलाई पुनः विश्वसनीय बनाउन सक्छ ।

निचोडमा, नेपाली कम्युनिस्ट आन्दोलनको पछिल्लो दुरावस्था कुनै एक घटना वा व्यक्तिको परिणाम होइन । यो दीर्घकालीन प्रवृत्तिहरूको सञ्चित परिणाम हो । २०७४ सालको जनादेशले दिएको अवसर, २०७५ को एकताले सिर्जना गरेको सम्भावना र त्यसपछिका विभाजन तथा अस्थिरताले उत्पन्न गरेको निराशा यी सबै एकअर्कासँग जोडिएका छन् । वस्तुनिष्ठ रूपमा हेर्दा, मुख्य समस्या सत्ताकेन्द्रित, वैचारिक अस्पष्टता र संगठनात्मक कमजोरी हो ।

जबसम्म यी आधारभूत समस्याहरू समाधान हुँदैनन्, कुनै पनि चुनावी सफलता वा गठबन्धनले दीर्घकालीन परिवर्तन ल्याउन सक्दैन । अन्ततः कम्युनिस्ट आन्दोलनको भविष्य यसले आफ्ना सिद्धान्त र व्यवहारबीचको दूरी कति घटाउन सक्छ भन्ने कुरामा निर्भर हुनेछ । जनताको विश्वास पुनः प्राप्त गर्ने एकमात्र उपाय भनेको स्पष्ट विचार, जिम्मेवार व्यवहार र परिणाममुखी शासन हो ।




## अन्तराष्ट्रिय समाचार

# आर्मेनिया युरोपतर्फ नजिकिँदै, रूससँग दूरी बढ्दै

*एजेन्सी-* दक्षिण काकेशस क्षेत्रको रणनीतिक रूपमा महत्त्वपूर्ण राष्ट्र आर्मेनियाले आफ्नो विदेश नीतिमा ऐतिहासिक मोड लिँदै युरोपेली सङ्घ (इयु) सँग सम्बन्ध गहिरो बनाइरहेको छ ।




यही सन्दर्भमा आर्मेनियाले मंगलबार इयुसँग पहिलो द्विपक्षीय शिखर सम्मेलन आयोजना गर्दै लामो समयदेखिको सहयोगी रुसबाट दूरी बढाउने स्पष्ट संकेत दिएको छ ।

राजधानी येरेवानमा सम्पन्न उक्त शिखर सम्मेलन युरोपेली राजनीतिक समुदायको आठौँ भेला पछि युरोपका दर्जनौँ नेताहरूलाई एउटै मञ्चमा ल्याउँदै सम्पन्न भएको हो । सोमबार भएको छलफलमा युरोपेली सुरक्षा अवस्था र इरानमा अमेरिका-इजरायल युद्धसम्बन्धी विषयमा पनि चर्चा भएको थियो ।

यी घटनाक्रमहरूले आर्मेनियाले पश्चिमतर्फ उन्मुख हुने आफ्नो रणनीति तीव्र बनाएको देखाउँछन् । सन् २०२३ मा अजरबैजानले काराबाख क्षेत्र पुनः नियन्त्रणमा लिएपछि दशकौँ पुरानो पृथकतावादी शासन अन्त्य गर्दै आर्मेनिया र रुसबीचको सम्बन्ध चिसिएको थियो ।

आर्मेनियाली पक्षले अजरबैजानको आक्रमण रोक्न नसकेको भन्दै त्यहाँ तैनाथ रुसी शान्ति सैनिकहरूको आलोचना गरेको थियो । तर युक्रेन युद्धमा व्यस्त रहेको मस्कोले हस्तक्षेप गर्ने जनादेश नभएको दाबी गर्दै आरोप अस्वीकार गरेको थियो । येरेवानस्थित क्षेत्रीय अध्ययन केन्द्रका निर्देशक रिचार्ड गिरागोसियनले उक्त युद्धलाई 'रुस अविश्वसनीय साझेदार भएको स्पष्ट प्रमाण' भन्दै टिप्पणी गरे ।

त्यसयता प्रधानमन्त्री निकोल पाशिन्यानको नेतृत्वमा आर्मेनियाले पश्चिमसँग सम्बन्ध विस्तारलाई प्राथमिकता दिएको छ, जसलाई इयुले स्वागत गरेको छ । युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले पाशिन्यानलाई युरोप नजिक ल्याउने साहसी राजनीतिक निर्णयका लागि धन्यवाद दिए । उनले आर्मेनियाली लोकतन्त्र सुदृढीकरण र बाह्य हस्तक्षेप तथा गलत सूचनाविरुद्धको प्रयास महत्त्वपूर्ण रहेको बताए।

त्यसैगरी युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयनले आर्मेनियाले दक्षिण काकेशस र मध्य एसियाबीचको सम्पर्क सञ्जालमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गरे।

आर्मेनियाले सन् २०२३ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा सदस्यता लिएको थियो, जसलाई मस्कोले 'प्रतिकूल कदम' भनेको थियो । उक्त अदालतले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध युक्रेनबाट बालबालिका अपहरणको आरोपमा पक्राउ पुर्जी जारी गरेको छ ।

त्यसपछि सन् २०२४ मा आर्मेनियाले मस्को नेतृत्वको सामूहिक सुरक्षा सन्धि सङ्गठनमा आफ्नो सहभागिता रोकेको थियो । अर्को वर्ष, आर्मेनियाली संसद्ले इयुमा सदस्यता लिने औपचारिक इच्छा व्यक्त गर्ने कानून पारित गरेको थियो ।

विश्लेषक गिरागोसियनका अनुसार रुसले छोडेको प्रभाव क्षेत्र अहिले इयुले भर्दै गएको छ । यसमा संयुक्त राज्य अमेरिकाको तुलनामा युरोपेली सहभागिता बढी व्यावहारिक देखिन्छ । उहाँका अनुसार यो प्रक्रिया दीर्घकालीन रूपमा कम तनावपूर्ण हुन सक्छ ।

तर आर्मेनिया अझै पनि रुस नेतृत्वको युरेशियन आर्थिक सङ्घको सदस्य छ, जसले वस्तु, पूँजी र श्रमको स्वतन्त्र आवागमन सुनिश्चित गर्छ । यस सङ्गठनमा बेलारुस, काजाकिस्तान र किर्गिस्तान पनि सहभागी छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले हालैको भेटमा आर्मेनिया एकैसाथ इयु र उक्त आर्थिक सङ्घमा रहन नसक्ने चेतावनी दिएका थिए । प्रधानमन्त्री पाशिन्यानले असङ्गतता स्वीकार गर्दै हाललाई दुवै दिशामा सन्तुलन कायम राख्ने नीति अपनाइने बताए ।

गिरागोसियनले मंगलबारको शिखर सम्मेलनलाई नयाँ सदस्यता भन्दा पनि पहिले नै रहेको सम्बन्धलाई थप गहिरो बनाउने प्रयासका रूपमा व्याख्या गरे। उनका अनुसार यसले रुसलाई स्पष्ट राजनीतिक सन्देश दिएको छ ।

शिखर सम्मेलन अजरबैजानसँग बढ्दो तनावबीच भएको हो । अजरबैजानले युरोपेली संसद्को प्रस्तावप्रति आपत्ति जनाउँदै इयुका प्रतिनिधिलाई बोलाएको थियो । त्यसपछि अजरबैजानी सांसदहरूले युरोपेली संसद्सँगको सहकार्य निलम्बन गर्ने निर्णय गरेका छन् ।

अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले युरोपेली संस्थाहरूलाई दोहोरो मापदण्ड अपनाएको आरोप लगाए। शिखर सम्मेलन स्थल बाहिर पनि प्रदर्शन भएको थियो, जहाँ प्रदर्शनकारीहरूले अजरबैजानमा रहेका आर्मेनियाली बन्दीहरूको फोटो प्रदर्शन गरेका थिए ।

आन्तरिक राजनीतिमा पनि यस घटनाले प्रभाव पारेको छ । आगामी निर्वाचनको तयारीमा रहेका प्रधानमन्त्री पाशिन्यानलाई अन्तर्राष्ट्रिय मञ्चमा देखिएको सक्रियताले राजनीतिक लाभ पुग्न सक्ने अनुमान गरिएको छ ।

तर विपक्षी नेता अराम सार्गस्यानले युरोपेली समर्थनलाई चुनावकेन्द्रित भन्दै आलोचना गरेका छन् र अजरबैजानमा रहेका आर्मेनियाली बन्दीहरूको मुद्दा बेवास्ता गरिएको आरोप लगाएका छन् ।

# पर्सामा..........

अभियानलाई तीव्रता दिएको छ । गाउँपालिकाले १५ दिनभित्र अतिक्रमण हटाउन आग्रह गर्दै अन्यथा गाउँपालिकाले नै संरचना हटाउने र खर्च असुल गर्ने चेतावनी दिएको छ। स्थानीय तहहरूले अतिक्रमणका कारण सडक साँघुरो हुनु, सार्वजनिक सेवा प्रवाहमा अवरोध आउनु, वातावरणीय असर पर्नु तथा सामुदायिक सम्पत्तिको क्षति हुनुजस्ता समस्या बढ्दै गएको जनाएका छन् । यस्ता समस्या समाधान गर्न अभियान प्रभावकारी हुने विश्वास लिइएको छ ।

तीनवटै गाउँपालिकाले सर्वसाधारणलाई सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गर्न अपिल गरेका छन् । स्थानीय प्रशासनसँग समन्वय गर्दै सञ्चालन गरिने यो अभियानले जिल्लामा सार्वजनिक जग्गा संरक्षणमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

नेपाल सरकार
भुमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
मालपोत कार्यालय सिमरौनगढ बारा

विषय - हक दाबि सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

उप्रान्त श्री बजरंगी दास तत्माको नाति श्री नागिंद्र दास तत्मा,प्रभु दास तत्मा र योगेन्द्र दासको छोरा बारा जिल्ला साबिक गा.बि.स. जयनगर च्युतहा महेन्द्र -४ हाल आदर्श कोतवाल गा .पा. वडा न.१ बस्ने श्री सुरतिया दास तत्मा,सुरस्ती देबी तत्मा र खेदु दास समेतले तपसिल बमोजिमको किता जग्गा नामसारी,दा.खा.श्रेस्ता अध्यावधिक श्रेस्ता अध्यावाधिक गरि नामसारीगरि पाऊ भनी माग गर्नु भएको हुदा उलेखित जग्गा निज निवेदकको हो /होईन को कसको हक भोग चलन भित्रको हो ? सो जग्गामा को कसको हक अधिकार छ ?हकदारहरु के कति छन ?माग निबेदनको जग्गा सरकारी,सार्वजनिक प्रकुतिकको वा गुठि आदि भित्र पर्ने जग्गा हो /हैन ?माग निबेदन बमोजिम जग्गा दर्ता वा नामसारी वा दाखिल खारिज संशोधन र श्रेस्ता अध्यवाधिक गरि दिदा अन्य कोहि कसैले कुनै व्यहोराबाट फरक पर्छ /पर्दैन ?सो जग्गामा अन्य कोहि कसैले कुनै व्यहोराबाट यस अगाडी दर्ता सम्बन्धि निबेदन दिए नदिएको के छ ?सो समेत यकिनका लागि हकदाबी सम्बन्धि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।माग निबेदनको जग्गा दर्ता ,नामसारी दाखिल खारिज,संशोधन र श्रेस्ता अध्यावाधिक गर्न नमिल्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुर बाजुर गर्न आउनुहुन जानकारी गराइन्छ ।

तपसिल

| गा.बि.स. | वडा नं. | किता नं. | क्षेत्रफल | मोहीको नाम थर | जग्गाधनीको नाम थर |
|---|---|---|---|---|---|
| जयनगर च्युटाहा | ४ | १३३ | ०-४-१५ | बजरंगी दास तत्मा | बजरंगी दास तत्मा |
| जयनगर च्युटाहा | ४ | १३७ | ०-६-० | बजरंगी दास तत्मा | बजरंगी दास तत्मा |
| जयनगर च्युटाहा | ४ | १३८ | ०-२-१० | बजरंगी दास तत्मा | बजरंगी दास तत्मा |
| जयनगर च्युटाहा | ३ | १७६ | ०-४-१७ | बजरंगी दास तत्मा | बजरंगी दास तत्मा |

यसमा आदर्श कोतवाल गा. पा.-१ को च.न.१०८३ मिति २०८३/०१/१४ को किटानी सिफारिस,नाता प्रमाणित मालपोत ,रसिद,फिल्ड बुक ,वडा स्थलगत मुचुल्का मृत्यु दर्ता नागरिता प्रमाण पुर्जा समेतको अधारमा निज जग्गा धनी बजरंगी दास तत्मा मिती २०२८ सालमा निजको पत्नी सुरतिया देबी पनि मिति २०३० सालमा परलोक भएपछि हक खाने निजको छोरा बुहारी सुरतिया दास तत्मा र सुरस्ती देबी तत्मा र नाति नाता पर्ने खेदु दासले नामसारी गरि दिनको लागि माग दाबि गरेको निजहरुको नाममा नामसारी नहुने वा अन्यहकदार भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिने भित्र उजुर गर्नु होला नत्र कानुन बमोजिम भई जानेछ ।

# राष्ट्रिय परिचयपत्रका लागि अब अनलाइन फाराम अनिवार्य छैन




*शु.आ. सम्बाददाता*
*बारा, २२ वैशाख*

जिल्ला प्रशासन कार्यालय बारा ले राष्ट्रिय परिचयपत्र बनाउने प्रक्रियालाई थप सहज बनाउँदै अनलाइन आवेदन (इलष्लिभ एचभ-भलचय릴िभलत) फाराम भर्नुपर्ने बाध्यता हटाएको जनाएको छ ।

कार्यालयद्वारा जारी सूचनाअनुसार नेपाल सरकार, गृह मन्त्रालयको निर्णयपछि राष्ट्रिय परिचयपत्र दर्ता प्रक्रियामा सुधार गरिएको हो । यसअन्तर्गत केन्द्रीय नागरिकता व्यवस्थापन सूचना प्रणाली (ऋऋक्ष्क) र राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (ल्क्ष्मक्ष्क) बीच सेवा अन्तरआबद्धता (क्ष्लतभचष्लिप) कायम गरिएको छ । यसले नागरिकता र राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा एकीकृत रूपमा सञ्चालन हुने व्यवस्था गरेको छ ।

नयाँ व्यवस्थाअनुसार हालै नागरिकता प्रमाणपत्र लिएका नागरिकहरूले अब अनलाइन फाराम भर्नुपर्ने झन्झट बिना सिधै सम्बन्धित कार्यालयमा पुगेर राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिन सक्नेछन् । यसले समय, श्रम र अतिरिक्त खर्च बचत हुने विश्वास प्रशासनको छ ।

तर, यसअघि नागरिकता प्राप्त गरेका व्यक्तिहरूका लागि भने साविककै व्यवस्था कायम रहने जनाइएको छ । उनीहरूले अनलाइन प्रि-इन्रोलमेन्ट फाराम भरेर मात्र सेवा लिनुपर्नेछ । प्रशासनले सेवाग्राहीलाई प्रक्रियाबारे स्पष्ट जानकारी लिन सम्बन्धित निकायमा सम्पर्क गर्न आग्रह गर्दै नयाँ व्यवस्था प्रभावकारी कार्यान्वयनका लागि सबैलाई सहयोग गर्न अनुरोध गरेको छ ।

# इन्धनको मूल्य घटाउने अवस्था छैनः सरकार



*काठमाडौँ, २२ बैशाख*

सरकारले पेट्रोलियम पदार्थको मूल्य तत्काल घटाउने अवस्था नरहेको स्पष्ट पारेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय का सचिव कृष्णबहादुर राउत ले इन्धनको मूल्य अन्तर्राष्ट्रिय बजार तथा आपूर्तिकर्ता कम्पनीको मूल्यमा निर्भर रहने भएकाले घटाउने सम्भावना न्यून रहेको बताएका हुन् । मंगलबार संघीय संसद् प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य तथा श्रम तथा उपभोक्ता हित समितिको बैठकमा बोल्दै उनले इन्डियन आयल कर्पोरेसन ले तोकेको मूल्यअनुसार नेपालले इन्धन खरिद गर्नुपर्ने भएकाले सरकार बाध्य भएर मूल्य समायोजन गर्नुपरेको बताए ।

उनका अनुसार अहिले पनि पेट्रोल, डिजेल तथा खाना पकाउने ग्यासमा सरकारले पूर्ण रूपमा लागतअनुसार मूल्य निर्धारण गरेको छैन । "महँगोमा किनेर सस्तोमा बेच्दा अघिल्लो सञ्चित मुनाफा पनि सकिएको अवस्था छ," उनले भने, "यदि पूर्ण रूपमा स्वचालित मूल्य प्रणाली लागू गरियो भने हालको भन्दा धेरै महँगो हुन सक्छ ।"

सचिव राउतले उपभोक्तालाई थप मार नपरोस् भनेर सरकारले मूल्य पूर्ण रूपमा स्वतः निर्धारण प्रणालीमा नलगेको स्पष्ट पारे । पछिल्लो समय बजार अवस्थाअनुसार मूल्यमा तलमाथि भइरहेको भए पनि सरकार सकेसम्म मूल्य नियन्त्रणमै राख्ने प्रयासमा रहेको उनको भनाइ छ ।

यसैबीच, उनले नेपाल आयल निगम हाल नाफामा नरहेकाले कर्मचारीलाई बोनस दिने अवस्था नरहेको पनि जानकारी दिए ।

इन्धनको मूल्यवृद्धिले उपभोक्तामाथि थप आर्थिक भार परेको भन्दै बजारमा असन्तुष्टि बढ्दै गएको छ । यस्तो अवस्थामा सरकारको पछिल्लो अभिव्यक्तिले निकट भविष्यमा मूल्य घट्ने सम्भावना कम रहेको संकेत गरेको छ ।

जनहितमा जारी सन्देश

- समयमा कर तिरौँ, नगरको विकासमा सहभागी बनौँ ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौँ ।
- सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने काम नगरौँ ।
- नगरलाई पदुषण मुक्त गरी हाराभरा बनाऔँ ।
- वातावरण हामी सबैका साझा सम्पती हो ।
- जथाभावी फोहर नफालौँ र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौँ ।
- लैंगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौँ ।

माधव नारायण नगरपालिका
माधोपुर, रौतहट

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# यमुनामाई गाउँपालिकामा योजना तर्जुमा तथा बालबालिकाको सहभागिता सम्बन्धी कार्यक्रम सम्पन्न

*शु. आ. सम्बाददाता*
*रौतहट, २२ बैशाख*



जिल्लाको यमुनामाई गाउँपालिकामा योजना तर्जुमा तथा बालबालिकाको सहभागिता सम्बन्धी विशेष कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । स्थानीय तहको विकास प्रक्रियामा बालबालिकाको आवाजलाई समेट्ने र उनीहरूलाई योजना निर्माणको प्रक्रियामा सहभागी गराउने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको हो ।

यमुनामाई गाउँपालिकाको आयोजना र लाईफ नेपालको प्राविधिक सहयोगमा सञ्चालित यस कार्यक्रमका लागि युनिसेफले लगानी गरेको थियो । कार्यक्रममा बालबालिकाको हकहित उनीहरूको अधिकारको संरक्षण र गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा बाल सरोकारका विषयहरूलाई कसरी प्राथमिकीकरण गर्ने भन्ने विषयमा विस्तृत छलफल भएको थियो ।

कार्यक्रममा प्रमुख प्रशिक्षकको रूपमा रामअधार प्रसाद यादवले सहजीकरण गरेका थिए । उनले स्थानीय तहले योजना बनाउँदा बालबालिकाको सक्रिय सहभागिता किन आवश्यक छ र यसले समाजको दिगो विकासमा कस्तो प्रभाव पार्छ भन्ने विषयमा सहभागीहरूलाई प्रशिक्षण दिएका थिए । सो अवसरमा गाउँपालिकाका सूचना प्रविधि अधिकृत नितेश कुमार सिंहले आधुनिक प्रविधिको प्रयोग गर्दै बालबालिकाका समस्या र सुझावहरूलाई कसरी एकीकृत गर्न सकिन्छ भन्ने बारे जानकारी गराएका थिए ।

कार्यक्रममा स्थानीय सञ्चारकर्मीहरूको पनि उल्लेखनीय उपस्थिति रहेको थियो । सञ्चारकर्मीहरूले बालबालिकाका सवाललाई सञ्चार माध्यममार्फत उजागर गर्न र समाजमा सचेतना फैलाउन आफूहरू सधैं तत्पर रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

वक्ताहरूले बालबालिका देशको भविष्य मात्र नभई वर्तमानका हिस्सेदार पनि भएकोले उनीहरूका माग र आवश्यकतालाई स्थानीय सरकारले गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिएका थिए । कार्यक्रमको समापनका क्रममा सहभागी बालबालिकाहरूले आफ्ना गाउँ-टोलका समस्याहरू निर्धक्कसँग राखेका थिए र आगामी बजेटमा बालमैत्री संरचना निर्माणका लागि माग समेत गरेका थिए ।

# बारा प्रहरीद्वारा १२ फरार प्रतिवादी पक्राउ गरी अदालतमा हाजिर

*शु.आ. सम्बाददाता*
*बारा, २२ बैशाख*



जिल्ला प्रहरी कार्यालय बाराले विभिन्न मुद्दामा अदालतबाट सजाय तोकिएपछि फरार रहेका १२ जना प्रतिवादीलाई पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोलीले फरार प्रतिवादीहरूलाई खोजतलास गर्ने अभियान अन्तर्गत पक्राउ गरेको हो । पक्राउ परेका सबैलाई बारा जिल्ला अदालतले विभिन्न मितिमा दोषी ठहर गर्दै जरिवाना तथा कैद सजाय तोकेपछि फरार रहेका थिए ।

पक्राउ परेका व्यक्तिहरू विभिन्न स्थानीय तहका रहेका छन् । उनीहरू विरुद्ध चेक अनादर, बैंकिङ कसुर तथा सवारी ज्यान जस्ता मुद्दामा अदालतले फैसला सुनाएको थियो । फरार रहेका उनीहरूलाई लुकिछिपी बस्दै आएको अवस्थामा प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये केहीलाई नगद जरिवाना तोकिएको छ भने केहीलाई कैद सजाय समेत निर्धारण गरिएको छ । पक्राउ परेका प्रतिवादीहरूलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि बारा जिल्ला अदालतमा उपस्थित गराइएको छ ।

प्रहरीले फरार प्रतिवादी खोजी कार्यलाई निरन्तरता दिने बताउँदै अदालतको फैसला कार्यान्वयनमा कसैलाई छुट नदिने स्पष्ट पारेको छ । साथै, फरार रहेका व्यक्तिहरूलाई स्वेच्छाले उपस्थित हुनसमेत आग्रह गरिएको छ ।

# संवैधानिक परिषद् अध्यादेश जारी, 'तीन सदस्यमै निर्णय' प्रावधानले बढायो बहस

*काठमाडौं, २२ बैशाख*



रामचन्द्र पौडेल ले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेका छन् । यसअघि पुनर्विचारका लागि सरकारलाई फिर्ता पठाइएको उक्त अध्यादेश मन्त्रिपरिषद्को पुनः सिफारिसपछि राष्ट्रपतिबाट प्रमाणीकरण भएको हो । सरकारले दोस्रो पटक सिफारिस गरेसँगै राष्ट्रपति पौडेलले अध्यादेश जारी गरेका हुन् ।

नयाँ व्यवस्थाअनुसार संवैधानिक परिषद् को ६ सदस्यीय संरचनामा अब न्यूनतम तीन सदस्य उपस्थित भए पनि बैठक बसेर निर्णय गर्न सकिने प्रावधान समावेश गरिएको छ । अध्यादेशको यही व्यवस्थाले राजनीतिक तथा संवैधानिक वृत्तमा तीव्र बहस उत्पन्न गरेको छ । आलोचकहरूले कम सदस्यको उपस्थितिमा निर्णय गर्न मिल्ने प्रावधानले परिषद्को सामूहिकता कमजोर पार्ने, सीमित व्यक्तिमा निर्णय केन्द्रित हुने तथा शक्ति सन्तुलनमा असर पर्ने तर्क गरेका छन् । उनीहरूका अनुसार संवैधानिक निकायमा नियुक्ति जस्ता महत्वपूर्ण विषयमा व्यापक सहमति आवश्यक पर्ने हुँदा यस्तो व्यवस्था विवादास्पद बन्न सक्नेछ ।

सरकार पक्ष भने आवश्यक निर्णय प्रक्रियालाई सहज बनाउन यस्तो प्रावधान ल्याइएको दाबी गर्दै आएको छ । लामो समयदेखि परिषद् बैठक बस्न नसक्दा विभिन्न संवैधानिक निकायमा पदपूर्ति प्रक्रिया प्रभावित हुँदै आएको सन्दर्भमा निर्णय प्रक्रिया चुस्त बनाउने उद्देश्यले अध्यादेश ल्याइएको सरकारी धारणा छ ।

यसैसँगै सरकारले सिफारिस गरेका सबै ८ वटा अध्यादेश राष्ट्रपतिबाट जारी भइसकेका छन् । संवैधानिक व्यवस्थाअनुसार ती अध्यादेश अब संघीय संसद्मा पेश गरिनेछन्, जहाँ तिनको स्वीकृति वा अस्वीकृतिबारे थप बहस हुने अपेक्षा गरिएको छ ।

# तामागढी-सिम्रौनगढ सडक विवादः किसान 'मुआब्जा विहीन', पहुँचवालामाथि अतिक्रमणको आरोप

*नबिन चौधरी*
*बारा, २२ बैशाख*



मधेस प्रदेशकै महत्वपूर्ण मानिएको तामागढी-सिम्रौनगढ राजमार्ग अहिले दोहोरो मापदण्ड र प्रभावशाली पहुँचको विवादमा तानिएको छ । सडक विस्तारका लागि पुर्ख्यौली नम्बरी जग्गा दिएका किसानहरू वर्षौंदेखि मुआब्जा नपाउँदा आर्थिक संकटमा परेका छन् भने अर्कोतर्फ ऐलानी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका संरचनामाथि कारबाही नहुँदा स्थानीय असन्तुष्टि बढेको छ ।

स्थानीयका अनुसार सडक विस्तारका क्रममा आफ्नो नाममा दर्ता भएको जग्गा उपलब्ध गराएका धेरै किसान अझैसम्म पूर्ण मुआब्जाबाट वञ्चित छन् । तामागढी-सिम्रौनगढ सडक संघर्ष समितिका अगुवा रामबाबु साह भन्छन्, "केही सीमित व्यक्तिले आंशिक रकम पाएका छन्, तर अधिकांश किसान अझै पर्खाइमै छन् ।" मुआब्जा नपाउँदा धेरै परिवार दैनिक गुजारा चलाउनसमेत कठिनाइमा परेको उनी बताउँछन् ।

यता, सोही सडकखण्ड अन्तर्गत मलाही क्षेत्रमा कालोपत्रे गर्ने काम पनि मुआब्जा विवादकै कारण रोकिएको छ । सम्बन्धित सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर ले जग्गाधनीलाई मुआब्जा नदिएसम्म निर्माण अघि बढाउन नसकिने जनाएको छ । तर कोल्हवी बजार क्षेत्रमा भने राजमार्गको 'राइट अफ वे' मिचिएको आरोप लाग्दा पनि कुनै ठोस कदम नचालिएको भन्दै स्थानीयले प्रश्न उठाएका छन् ।

यसैबीच गणेश धिमाल को कोल्हवी-१ स्थित निवाससमेत विवादमा तानिएको छ । स्थानीयहरूका अनुसार उक्त घर राजमार्गको सीमा क्षेत्रमा पर्ने भए पनि सम्बन्धित निकाय मौन बसेको आरोप छ । "सामान्य नागरिकको सानो टहरा हटाइन्छ, तर पहुँचवालाको संरचना यथावत् रहन्छ," एक स्थानीय व्यवसायीले गुनासो गरे ।

यसअघि कोल्हवी नगर उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष महेश कुमार साह र वरिष्ठ व्यवसायी सुकदेव साह रौनियारलगायतले सार्वजनिक तथा ऐलानी जग्गा जोगाउन अभियान चलाएका थिए । तर पछिल्लो समय राजनीतिक प्रभावका कारण यस्तो अभियान कमजोर पारिएको आरोप समेत लागिरहेको छ ।

उक्त विषयमा सांसद धिमाल पक्षले भने मुआब्जा समस्या समाधानतर्फ पहल भइरहेको जनाएको छ । उनका स्वकीय सचिव हरिओम रौनियारका अनुसार सांसदकै उपस्थितिमा सम्बन्धित निकायसँग छलफल भई केही रकम असार मसान्तभित्र र बाँकी किस्ताबन्दीमा उपलब्ध गराउने सहमति भएको छ ।

स्थानीयहरूले सार्वजनिक जग्गा अतिक्रमणविरुद्ध समान रूपमा कडाइ गर्न माग गरेका छन् । "कानून सबैका लागि बराबर हुनुपर्छ, पहुँचका आधारमा फरक व्यवहार हुनु हुँदैन," उनीहरूको भनाइ छ ।

यो प्रकरणले सुशासन र पारदर्शिताको नारा अघि सारेको राष्ट्रिय स्वतन्त्र पार्टी माथि समेत प्रश्न खडा गरेको छ । अब यस विषयमा सम्बन्धित निकाय र राजनीतिक नेतृत्वले कस्तो कदम चाल्छ भन्ने चासो सर्वत्र बढेको छ ।

# पर्सामा सार्वजनिक जग्गा अतिक्रमण हटाउन स्थानीय तहको कडाइ

*राजन कुमार बानिया*
*पर्सा, २२ बैशाख*




पर्सा जिल्लाका विभिन्न स्थानीय तहहरूले सार्वजनिक तथा सरकारी जग्गामा बढ्दो अतिक्रमण नियन्त्रण गर्न कडा कदम चाल्न थालेका छन् । जिल्लाका तीन स्थानीय तह–धोबिनी, जिराभवानी र पकहाँ मैनपुर गाउँपालिकाले छुट्टाछुट्टै सूचना जारी गर्दै अतिक्रमण हटाउन समयसीमा तोक्नुका साथै अटेर गरे कडा कानुनी कारबाही गर्ने चेतावनी दिएका छन् ।

धोबिनी गाउँपालिकाले गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय पर्साको निर्देशनअनुसार सार्वजनिक, सरकारी, ऐलानी तथा पर्ती जग्गामा भएको अतिक्रमण हटाउने अभियान सुरु गर्ने जनाएको छ । गाउँपालिकाले सडक, खोला, नाला, विद्यालय परिसर, पोखरी, धार्मिक स्थल (मठ-मन्दिर, मस्जिद, इदगाह), पार्क तथा अन्य खुला क्षेत्र अतिक्रमणमुक्त बनाउने लक्ष्य राखेको छ । यसका लागि ३५ दिनभित्र स्वेच्छाले संरचना हटाउन आग्रह गरिएको छ । तोकिएको अवधिभित्र अटेर गरेमा गाउँपालिकाले आफैं अतिक्रमण हटाउने र त्यसको सम्पूर्ण खर्च सम्बन्धित अतिक्रमणकर्ताबाट असुल गरिने स्पष्ट पारेको छ ।

यसैगरी, जिराभवानी गाउँपालिकाले पनि सार्वजनिक तथा ऐलानी जग्गामा निर्माण गरिएका संरचना हटाउन १५ दिनको समयसीमा तोकेको छ । गाउँपालिकाले जारी गरेको सूचनामा भनिएको छ–"निर्धारित समयभित्र अतिक्रमण हटाइएन भने प्रचलित कानुनअनुसार कारबाही गरिनेछ ।" स्थानीय तहले सार्वजनिक सम्पत्तिको दुरुपयोग रोक्न यो कदम आवश्यक भएको जनाएको छ ।

पकहाँ मैनपुर गाउँपालिकाले पनि मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधार कार्ययोजनाअनुसार सार्वजनिक तथा सरकारी जग्गा संरक्षण

बाँकी तेश्रो पृष्ठमा

**महागढीमाई नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

महागढीमाई नगरपालिकाको कार्यालय, बरियारपुर, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका